# समग्र

सीमान्तकृत मानिसहरूको सशक्तीकरणमा सामाजिक परिवार !

अंक-३३,माघ, २०६९


## भित्र


हाजिरजवाफ प्रतियोगिता सम्पन्न ........................................२

प्रतिफल पाउने क्रम शुरू...........३

नागरिक सचेतना केन्द्रको गतिविधि.........................................३



सम्पर्कका लागि ठेगाना:

**समग्र विकास सेवा केन्द्र,**

हस्पिटल मार्ग, चाबहिल,

पो.ब. नं. : १३२७८, काठमाडौँ,

फोन नं. ४४६९६४९, इमेल:

info@samagra-nepal.org.np,

वेभसाइट: www.samagra-nepal.org


## मानवअधिकार अनुगमन अभिमुखीकरण गोष्ठी:

सिरहा, सप्तरी, उदयपुर र महोत्तरीमा नमूनाको रुपमा समग्रको कर्मचारी तथा सामाजिक परिवार (साप) का प्रतिनीधिहरूलाई मानवअधिकार अनुगमन क्षमता अभिवृद्धिका लागि १-१ दिने अभिमुखीकरण गोष्ठी सम्पन्न भयो । गोविन्दपुर गाविस वडा नं. २ गाविस कार्यालय, सिरहामा भएको कार्यक्रममा गोविन्दपुर गाविसका चार वटा सामाजिक परिवारका १९ जना प्रतिनीधि र समग्रका कर्मचारीहरू सहभागि थिए । कार्यक्रममा मानवअधिकारको अवधारणा, मानवअधिकार अनुगमन संबन्धि अभमिुखीकरण गराइयो । साथै मानवअधिकार अनुगमन गर्दा भरिने नमूना फाराम भर्ने अभ्यास गराइयो ।

सप्तरी जिल्लाको पिप्रा पश्चिम गाविस वडा नं.४ को पिप्रा गाउँमा त्यस गाविसमा रहेका सरस्वती, माँ भगवति, ओम जनसेवा, दिनाभद्री, सप्तकोशी र सुनकोशी गरी ६ वटा सामाजिक परिवारका झण्डै ६० जना प्रतिनीधिहरूसंग मानवअधिकार र अनुगमनका विषयमा अन्तरक्रिया भयो । सूर्यदेवी सरदारको अध्यक्षतामा भएको कार्यक्रममा पूर्व गाविस अध्यक्ष रामप्रसाद चौधरी लगायत गाविसका अन्य सरोकारवालाहरू सहभागि भए । समग्रका अशोक सदाले सञ्चालन गरेको कार्यक्रममा प्रेमकुमारी थापाले स्वागत गर्नुभयो भने रामप्रसाद चौधरीले स्थानीय अवस्थाका वारेमा प्रकाश पारे । क्षेत्रीय संयोजक दुर्गा महतोले मानवअधिकारको अवधारणाका वारेमा सहभागिहरूलाई अवगत गराए । त्यसैगरी स्थानीय स्तरमा हुने मानवअधिकार हननका घटनाहरूका वारेमा व्यापक छलफल भयो । जसमा कोशी टप्पु वन्यजन्तु आरक्षण केन्द्रबाट हुने हानी नोक्सानी, हत्या, बलात्कार, महिला हिंसा, सचिव गाविसमा नबस्ने, सरकारी सेवा सुविधाबाट बन्चित रहेका, आदि वारेमा सहभागिहरूले खुलेर छलफल गरे । सापका केही अगुवाहरू त्यहाँ



पनि समग्रका कार्यकर्ताहरूलाई मानवअधिकार अनुगमन गर्दा भर्नुपर्ने फारम भर्ने तरीकाको अभ्यास गराइयो ।

उदयपुर जिल्लाको हडिया गाविसको अजगरा विद्यालयमा श्रमिक दिवस संगै मानवअधिकार अनुगमन अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो। समग्रका साधारण सदस्य तथा जनजागरण सापका अध्यक्ष दुर्गा वहादुर सार्कीको अध्यक्षमा दिपज्योती, छिडीखोला, सगरमाथा, शिवशक्ति र जनजागरण सामाजिक परिवारका प्रतिनधिहरूको सहभागितामा कार्यक्रम भयो। जसमा आधारभूत मानवअधिकारको अभिमुखीकरण, मानवअधिकार हननका घटनाहरूको अनुगमन गर्ने तौरतरीका तथा अनुगमन गर्दा भरिने फारामको नमूनाका वारेमा छलफल गरियो ।

श्री मावि निगौल महोत्तरीमा भएको कार्यक्रममा निगौल र गौशाला गाविसका कृष्णा साप, विष्णु साप, सरस्वती साप, श्रीराम साप, शान्ति साप, माता महारानी साप, लक्ष्मी साप र सोनीया साप गरी ८



वटा सामाजिक परिवारका ३५ जना प्रतिनीधि सहभागि भए । कार्यक्रममा आधारभूत मानवअधिकारको अवधारणा, मानवअधिकार अनुगमन संवन्धि अभिमुखीकरण, मानवअधिकार अनुगमन गर्दा भरिने नमूना फाराम भर्ने अभ्यास गराइयो । कार्यक्रम सोनीया सापका अध्यक्ष सन्त महतोको अध्यक्षतामा सम्पन्न भयो । कार्यक्रममा शत्रुघन रामले स्वागत गरे भने दुर्गा प्रसाद महतो र अमर अधिकारीले सहजीकरण गरेका थिए ।

## हाजिरीजवाफ प्रतियोगिता सम्पन्न:

यस संस्थाको सहयोग र स्थानीय सामाजिक परिवारहरूको आयोजनामा मानवअधिकारको संवर्द्धन र प्रवर्द्धनमा टेवा पुऱ्याउने उद्देश्यका साथ नमूनाकारुपमा साप स्तरिय हाजिरी जवाफ प्रतियोगिता सम्पन भयो । सिरहाको कर्जना गाविस स्थित जनता प्राथमिक विद्यालय वगाहामा वेलपत्र सामाजिक परिवारका अध्यक्ष उर्मिला महतोको अध्यक्षतामा भएको उक्त हाजिरी जवाफ प्रतियोगितामा वडहरामाल गाविसका कमलामाई साप, शिववावा साप, मनकामना साप तथा कर्जना गाविसका वेलपत्र साप, जनसेवा साप, सरस्वती साप गरी ६ वटा सामाजिक परिवार सहभागि भए। जसमा शिववावा साप पहिलो, वेलपत्र साप दोस्रो र जनसेवा साप तेस्रो भएका थिए। प्रतियोगितामा पहिलो, दोस्रो र तेस्रो स्थान हासिल गर्ने सहभागिहरूलाई प्रमाणपत्र तथा पुरस्कार वितरण गरियो । साथै वालकक्षामा अध्ययनरत विद्यार्थीहरू भुईमा वस्दै आएको हुँदा समग्रको तर्फबाट त्यसलाई ढाक्ने कार्पेट जनता प्राविलाई हस्तान्तरण गरियो ।

त्यसैगरी सप्तरी जिल्लाको हर्दिया गाविस, भेडिया स्थित जनता निम्न माध्यमिक विद्यालयमा त्यस्तै कार्यक्रम सम्पन्न भयो । कार्यक्रममा सप्तरी जिल्लाका हर्दिया र पश्चिम पिप्रा गाविसका नवज्योती, प्रगति, जनचेतना, कामना, छहारी र महालक्ष्मी गरी ६ वटा साप सहभागि भए। कार्यक्रमको



अध्यक्षता सिर्जनशील सापका अध्यक्ष रामकुमारी मगरले गरिन् भने प्रमुख अतिथी समग्रका कार्यसमिति सदस्य सतौनदेवी सदा थिइन् । हाजीरीजवाफ प्रतियोगिता अरुण



कुमार चौधरीले सञ्चालन गरे भने सहभागिहरूलाई राप्रसाद चौधरीले स्वागत गरे । निर्णायक मण्डलमा अमर अधिकारी, खड्क वहादुर जर्गामगर र सूर्य कुमारी जर्गामगर थिए। प्रतियोगितामा कामना साप प्रथम, महालक्ष्मी द्वितिय र प्रगति तृतीय भए भने छहारी सान्त्वना पुरस्कार विजयी भए । विजयी सापहरूलाई पुरस्कार तथा प्रमाणपत्र वितरण गरियो ।

उदयपुर जिल्लाको वसाहा गाविसको जनसेवा प्राविमा पनि यस्तै कार्यक्रम सम्पन्न



भयो। कार्यक्रममा वसाहा गाविसमा रहेका वेलखा, अजम्वरी, क्रिष्टल, वाटिका र नवज्योती सापहरू सहभागि भएकामा वाटिका साप प्रथम, अजम्वरी द्वितिय र वेलखा तृतीय भए र क्रिष्टलले सान्त्वना पुरस्कार प्राप्त गरे ।

त्यसैगरी तराइकै महोत्तरी जिल्लाको निगौल गाविसको श्री माविमा भएको हाजीरी जवाफ प्रतियोगितामा फुलकहा, निगौल, सुन्दरपुर र गौशाला गाविसमा रहेका



सामाजिक परिवारहरू जानकी, कृष्णा, विष्णु, सरस्वती, श्रीराम, शान्ति, माता महारानी र सोनीया गरी ९ वटा सामाजिक परिवारका प्रतियोगिहरू सहभागि भए र विजयी सापले पुरस्कार तथा प्रमाण पत्र पाए ।

पहाडतिर पनि यस्तै कार्यक्रमहरू सन्चालन भए । धादिङको गजुरी र थाक्रे गाविसमा छुट्टाछुट्टै हाजीरीजवाफ प्रतियोगिताहरू सम्पन्न भयो । श्याम वहादुर विसुन्केको अध्यक्षतामा पञ्चकन्या साप गजुरीमा भएको प्रतियोगितामा वाल कुमारी साप पिडा, पञ्चकन्या साप गजुरी, हर्कपुर साप वेनीघाट, महाँकाली साप कुम्पुर र वाघवच्छला साप कुम्पुरको सहभागिता थियो । त्यसमा पञ्चकन्या साप प्रथम, हर्कपुर साप द्वितीय र महाँकाली साप तृतीय भए भने



वालकुमारी साप सान्त्वना पुरस्कार विजयी भएका थिए। पुरस्कृत सापहरूलाई अध्यक्षले टिका तथा प्रमुख अतिथी समग्रका कार्यक्रमा व्यवस्थापक प्रेमराज ढुंगेलले पुरस्कार सहित प्रमाणपत्र प्रदान गरे। यसैगरी थाक्रे गाविस वडा नं. ६ स्थित कालिकास्थानमा सम्पन्न भएको कार्यक्रममा थाक्रे गाविसका थाक्रे कालिका, पञ्चकन्या, थाक्रे रैराङ्ग, काउले कालिका तथा तसर्पु गाविसको मखमली गरी ५ वटा सामाजिक परिवारको सहभागिता रहेको थियो। त्यसको अध्यक्षता थाक्रे रैराङ्ग सापकी सीमामाया तामाङ्गले गरेकी थिइन् । सहभागिहरूलाई सामाजिक परिचालक सुभद्रा तामाङ्गले स्वागत गरिन् भने कार्यक्रमको सञ्चालन कवि पुडासैनीले गरेका थिए। प्रतियोगितामा पञ्चकन्या साप प्रथम, मखमली साप द्वितिय र थाक्रे कालिका तृतीय भएर थाक्रे रैराङ्गले सान्त्वना पुरस्कार प्राप्त गरेका थिए । पुरस्कृत व्यक्तिहरूलाई समग्रका कार्यक्रम अधिकृत अमर अधिकारी तथा कार्यक्रमका अध्यक्ष सिमामाया तामाङ्गले प्रमाणपत्र तथा पुरस्कार वितरण गरे ।

त्यस्तै गोरखाको धावा गाविसमा पर्ने बालुवाटारमा मानवअधिकार सम्वन्धि हाजिरीजवाफ प्रतियोगिता सँगै अन्तरक्रिया पनि सम्पन्न भयो। जनजाति सापका अध्यक्ष चरीमाया तामाङ्को अध्यक्षता र गण्डकी निमावि व्यवस्थापन समितिका अध्यक्ष डण्डपाणी तिवारीको प्रमुख आतिथ्यतामा सम्पन्न भएको हाजिरीजवाफ प्रतियोगितामा आरुघनौटे गाविसको नागरिक सचेतना केन्द्र, ९ नं वडा नागरिक मञ्च, मिलन साप,



धावा गाविसका जानजाती साप, नमूना साप र जनजागृति साप सहभागि भएकामा नागरिक सचेतना केन्द्र, नमूना साप, जनजाति साप र जनजागृति सापले क्रमशः प्रथम, द्वितीय, तृतीय र सान्त्वना पुरस्कार तथा प्रमाणपत्र प्राप्त गरे । त्यसैगरी लमजुङ जिल्लाको घनपोखरा गाविसमा त्यस्तै कार्यक्रम सम्पन्न भयो ।

## प्रतिफल पाउनेक्रम शुरु :

### आयआर्जनमा वृद्धि

धादिङ जिल्ला तसर्पू गाविसमा समग्र विकास सेवा केन्द्रको परिचालन र गरिवी निवारण कोषको आर्थिक सहयोगमा



सञ्चालित कार्यक्रम २०६७ साल देखि सुरु गरिएको हो। गरिवी निवारण कोषको उदेश्य गाउँघरमा रहेका मानिसहरूभित्र रहेका गरिवीलाई न्यूनिकरण गर्दै राष्ट्रको गरिवीलाई हटाउने रहेको छ । जस अन्तर्गत लक्षित समूहको आयमा सुधार गर्नेदेखि लिएर स्वावलम्वी विकासका लागि सक्षम वनाउँदै पूर्वाधारहरूमा उनीहरूको पहुँच पुऱ्याउने जस्ता कार्यहरू गरिवी निवारण कोषले गर्छ। यस कार्यक्रम सञ्चालन गर्नका लागि १५ वटा साप गठन गरिएको छ। जसमध्येमा ८ वटा सामाजिक परिवारले लाभ लिन सक्षम भएका छन् भने ६ वटा गरिवी निवारण कोषमा दर्ता हुने तर्खरमा छन् । लाभ लिने मध्येमा २६७ घरधुरी रहेका छन् । यस कार्यक्रमले सामाजिक परिवारमा धेरै सकारात्मक प्रभाव पारेको छ । यो समुदायका सदस्यहरूको दु:खको साथी बनेको छ। गरिवी निवारण कोषबाट पहिलो किस्ता र दोस्रो किस्ता गरी प्राप्त भएको रकम रु. १९,९४,१२८ बाट ब्याज सहित गरेर हाल २२,३९,८८१ सामाजिक परिवारका सदस्य मै लगानीमा रहेको छ। यसबाट सापका सदस्यहरूले भैसी, बाखा पालन र तरकारी खेतीहरूमा लगानी गरी आय आर्जन वढाएका छन् । यस गरिवी निवारण कोषबाट प्राप्त रकमले माथि उल्लेखित विभिन्न प्रकारका आय आर्जनका कृयाकलाप गरी पहिला अरुका अधिँया बाखा र भैसी पाल्ने काम घट्दै गएको छ। अरुको अधिया पालेर आधा आफूलाई र आधा जसले पाल्न लगाएको हो उसलाई दिनु पर्ने कामबाट मुक्त हुँदा आफ्नो जिविकोपार्जनमा थप टेवा पुगेको छ। यस कार्य सुरु हुन अघि कुनै पनि व्यवसाय गर्न तथा केहि भूमीका लागि रकम खोज्नु पऱ्यो भने साहु कहाँ ३६ प्रतिशत देखि ६० प्रतिशत सम्म व्याज तिरी चलाउनु पर्ने वाध्यता थियो भने हाल साप मै सापका सल्लाहमा १२ प्रतिशत व्याजमा ऋण लिन पाउँदा निकै नै सजिलो भएको साप सदस्यहरूको अनुभव छ ।

## नागरिक सचेतना केन्द्रको गतिविधि, भुजुङः

लमजुङ जिल्लाको उत्तरी दुर्गम क्षेत्रमा अवस्थित भुजुङ गाविस पर्यटकीय गाउँ मानिन्छ । स्थानीय सुशासन तथा सामुदायिक विकास कार्यक्रम अन्तर्गत यस गाविसको वडा नं. ९ को दलित वस्तीमा २०६८ सालमा नागरिक सचेतना केन्द्र स्थापना भयो। यस सचेतना केन्द्रमा महिला १८ जना र पुरुष १३ जना गरी ३१ जना सदस्यहरू छन् । हरेक महिना ३ वटाका दरले नागरिक सचेतना कक्षा सञ्चालन हुदै आएको छ। यी कक्षाहरूमा व्यक्तिगत घटना दर्ता जस्तैः जन्म दर्ता , विवाह दर्ता, मृत्यु दर्ता समयमा गराउने, उमेर पुगेपछि सबैले नागरिकताको प्रमाण पत्र बनाउने, उमेर पुगेका वालवालिकाहरूलाई विद्यालय पठाउने, आफ्नो घर आगन सफा राख्ने जस्ता विषय देखि लिएर एकल महिला,अपाङ्ग परिचय पत्र, राहत, छात्रवृद्धि, जेष्ठ नागरिकहरूलाई राज्यले दिने सेवा सुविधा उपयोग गर्नका लागि अपनाउनु पर्ने प्रकृयाका बारेमा पनि व्यापक छलफल हुने सामाजिक परिचालक उर्मिला गुरुङ्ग बताउँछिन् ।



स्थानीय समस्याहरूको पहिचान गरी कार्यक्रमहरू माग गर्ने, गाविसमा आउने वजेट र खर्च विवरणका वारेमा थाहा पाउने, योजना निर्माणमा सहभागि हुने जस्ता विषयमा पनि छलफल गरिने गरिएको छ। सौचालय बनाउने भनी १८ घरको लक्ष लिएर थालिएकोमा अहिले आएर २२ घर दलितले बनाई सकेका छन् भने अरुहरू पनि बनाउने तयारीमा छन् । नागरिक सचेतना केन्द्रको सहयोगमा आ-आफ्नो क्षमताले र योग्यताले धान्ने सम्म योजनाहरू प्राथमिकीकरण गरि छनौट गर्ने, कुनै पनि सभा सम्मेलन गोष्ठि वैठक आदिमा भाग लिनको लागि सबैलाई जानाकारी गराई वैठक राखि सवैको सहमति अनुसार पालैपालो भाग लिने, संचालन भैरहेका योजनाहरूको व्यवस्थित कार्ययोजना बनाई कार्यन्वयन र अनुगमन गरि थप व्यवस्थित गर्ने कार्यहरू हुँदै आइरहेको छ। भुजुङ गाविसमा गठित नागरिक सचेतना केन्द्रका सदस्य वीर बहादुर बि.क.को घर अचानक आगलागि हुँदा सबै मिली आगो निभाउन सफल भए । जसले गर्दा मानवीय नोक्सान हुन पाएन र तुरुन्तै नागरिक सचेतना केन्द्रको बैठक बसि सहायोगको लागि इलाका प्रहरी कार्यालय गिलुङ हुँदै जिल्ला प्रशासन कार्यालयबाट रु ५००० हजार, जिविस बाट रु ३०००, गाविसबाट रु १००० र रेडक्रसबाट लत्ताकपडा र भाँडाकुडा प्राप्त भयो भने नागरिक सचेतना केन्द्रका सदस्यहरू मिलि निज विर बहादुर विकको घर निर्माण गरि दिए। यस्ता थुप्रै कार्यहरू नागरिक सचेतना केन्द्रले सञ्चालन गर्दै आइरहेको छ।